स्थानीय सरकार
मेलुङ गाउँपालिका
མེ་ལུང་ གྲོང་ཁྱེར་པ་ལི་ཀ། | मेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

भेद्पु, दोलखा
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या : ०८१/८२
~~चलानी~~ नम्बर : ३५
सूचना

मिति : २०८१/०६/२९

## विद्यालयको अन्तिम लेखापरीक्षणका लागि आसयपत्र पेश गर्ने सम्बन्धी सूचना
## (दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०६/२९)

प्रस्तुत विषयमा यस मेलुङ गाउँपालिका अन्तर्गतका विद्यालयहरुको गत आर्थिक वर्ष २०८०/०८१ (विगत आ.व. को लेखापरीक्षण गर्न बाँकी रहेका विद्यालयहरुको हकमा सो अवधि समेत) को अन्तिम लेखापरीक्षण गर्ने गराउने प्रयोजनका लागि लेखापरीक्षकको विवरण तयार गर्नु पर्ने भएकोले विद्यालयको लेखापरीक्षण गर्न ईच्छुक नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई सदस्यता नविकरण गरेका ईच्छुक लेखापरीक्षकबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (२०८१/०७/१३ कार्यालय समयभित्र) देहायमा उल्लेखित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरि शिक्षा, युवा तथा खेलकुद शाखाको इमेल ठेगाना education.melungrm@gmail.com मार्फत मेलुङ गाउँपालिकाको विद्यालय लेखापरीक्षण निर्देशिका, २०८० को अनुसूची -२ बमोजिको ढाँचामा निवेदन पेस गर्नु गराउनु हुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

.............................
प्रमुख प्रशासकीय अधिकृत

देहायः

१ फर्म दर्ता प्रमाणपत्र (नवीकरण गर्नु पर्ने भए सो समेत)
२ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्र ( नवीकरण गर्नु पर्ने भए सो समेत)
३ स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्र
४ गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र
५ नेपाली नागरिकताको प्रमाणपत्र
६ संस्थाको प्रोफाइल
७ बहालवाला कर्मचारीहरुको हकमा सम्बन्धित कार्यालयको स्वीकृति पत्र
८ अन्य आवश्यक कागजातहरु

बोधार्थ :
श्री सूचना प्रविधि शाखाः सूचना वेबसाइटमा अपलोड गरिदिनु हुन।

अनुसूची २

(परिच्छेद २ को दफा ४ को उपदफा १ संग सम्बन्धित)

विद्यालयको लेखा परीक्षणका लागि दिईने निवेदनको ढाँचा

मिति :

श्री शिक्षा, युवा तथा खेलकुद शाखा
मेलुङ गाउँकार्यपालिकाको कार्यालय
भेड्पु, दोलखा।

विषय : विद्यालयको लेखा परीक्षणका लागि विवरण अध्यावधिक गरिदिने बारे।

प्रस्तुत विषयमा मेलुङ गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतका विद्यालयहरुको आ.व. .............. को अन्तिम लेखा परीक्षणका लागि प्रकाशित सूचना बमोजिम मेरो नाममा रहेको फर्मबाट लेखा परीक्षण गर्न ईच्छुक रहेकोले तपसिलका प्रमाणपत्रको प्रतिलिपि यसैसाथ संलग्न राखी पठाएको बेहोरा अनुरोध गर्दछु।

लेखा परीक्षकको सही :
नाम :
फर्मको नाम :
ठेगाना :
मोबाइल नम्बर :
इमेल ठेगाना :

<u>संलग्न कागजातहरु</u> :

१ फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
२ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
३ स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
४ गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
५ नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीथान १
६ संस्थाको प्रोफाइल थान १
७ सम्बन्धित कार्यालयको स्वीकृति पत्र (बहालबाला कर्मचारीहरुको हकमा मात्र) थान १